**स्थानीय राजपत्र**

कालिगण्डकी गाउँपालिका, गुल्मीद्धारा प्रकाशित

वर्ष ७ अंक ५, २०८० माघ १६ गते, मंगलबार।

**भाग ३**

# विपन्न नागरिक औषिधी उपचार आर्थिक सहायता कार्यक्रम संचालन कार्यविधि २०८०

प्रस्तावनाः

कालिगण्डकी गाउँपालिका अन्तर्गतका विपन्न नागरिक बिरामी हुँदा उपचार गर्नका लागी आर्थिक अवस्था कमजोर भइ उपचारमा समस्या नहोस भन्नका लागी विपन्न नागरिकलाई औषधी उपचारमा आर्थिक सहायताका लागी कालिगण्डकी गाउँपालिकाले आवश्यक सहयोग र व्यवस्थापन गर्न यस गाउँपालिकाले "**विपन्न नागरिक औषधी उपचार आर्थिक सहायता कार्यक्रम संचालन कार्यविधि** २०८०" जारी गरेको छ।

## परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम "**विपन्न नागरिक औषिधी उपचार आर्थिक सहायता कार्यक्रम संचालन कार्यविधि २०८० रहनेछ**"।

२. यो कार्यविधि तुरुन्त लागू हुनेछ।

## परिच्छेद २

**३. उदेश्यः**

संघिय सरकारबाट प्रदान गरिने विपन्न नागरिकहरुलाई औषधी उपचार सहुलित सुविधा कार्यक्रम भित्र पर्ने ८ वटा कडा रोग तथा हाड भाँचिएको ( Fracture), ब्रेन ट्युमर भई उपचार गर्नु परेका, जलन र ठूला (मेजर) अपरेशन गर्नु परेका विपन्न नागरिकहरुलाई औषधी उपचार बापत आर्थिक सहायता उपलब्ध गराउने यो कार्यक्रम संचालनमा ल्याईएको हो।

४. औषधी उपचारका लागि आर्थिक सहायता पाईने रोग तथा अवस्थाः

**क.** संघिय सरकार, स्वास्थ्य तथा जनसङख्या मन्त्रालयबाट पारित विपन्न नागरिक औषधी उपचार कार्यक्रम संचालन निर्देशिका, २०८० को अनुसुची २ मा उल्लेखित ८ वटा कडा रोगहरु (मृगौला रोग, मुटुरोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, सिकलसेल एनिमिया)

**ख.** रुख वा भिरबाट लडेर या अन्य दुर्घटनाबाट शरिरको हाडभाँचिएर **(Fracture),** उपचार गर्नु परेमा, ब्रेन ट्यूमर भई उपचार गर्नुपरेमा र जलन (१०% भन्दा बढि जलेमा अथवा 3rd **degree burn (Nerve Damage)** भई उपचार गर्नु परेमा र अन्य रोगको पनि मेजर अपरेशन गर्नु परेमा ।

## परिच्छेद ३

**५. सेवा लिने प्रक्रियाः**

क. विपन्न नागरि उपचार बापत आर्थिक सहायता लिनको लागि अस्पतालको रोग निदान भएको प्रमाण/ चिकित्सकको प्रिस्किप्सन, नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, नाबालकको हकमा जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिप, व्यक्तिगत निवेदन, कुमारी बैंकमा रहेको सम्बन्धी व्यक्तिको खाता

नं./सम्बन्धित व्यक्तिको खाता नं. नभएमा विरामीको घरपरिवारको (वडा कार्यालयबाट नाता प्रमाणित हुनुपर्ने) खाता नं. र सम्बन्धित वडा कार्यालयको सिफारिश सहित गाउँपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

ख. सेवा प्रदान गर्ने प्रक्रियाः सम्पूर्ण डकुमेण्ट प्राप्त भए पश्चात संघिय सरकारको विपन्न नागरिक औषधी उचार कार्यक्रम निर्देशिका २०८० को दफा ४ बमोजिम गाउँपालिका स्तरिय सिफारिस समितिले मूल्याङकन गरि प्रति व्यक्ति रु २५०००/- (पच्चीस हजार रुपैयाँ) सम्म अस्पतालमा भएको खर्चको आधारमा आर्थिक सहयोग गरिनेछ ।

**परिच्छेद ४**

विविध

६. बाधा अड्काउ फुकाउन सक्नेः यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा गाउँकार्यपालिका वैठकले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

७. कार्यविधिको संशोधन तथा परिमार्जनः कार्यपालिकाको वैठकले यस कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

८. खारेजी तथा बचाउः यस कार्यविधिमा भएका व्यवस्थाहरु स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य कानून सँग बाझिएको हद सम्म अमान्य हुनेछ । आ.व. २०८०/८१ मा यो कार्यविधि लागू हुनुभन्दा अगाडी विपन्न नागरिक औषधी उपचार आर्थीक सहायता कार्यक्रम अन्तर्गत कुनै कार्यक्रम भएमा यसै अन्तर्गत भएको मानिनेछ ।

**प्रमाणिकरणः**
**वेद बहादुर थापा**
गाउँपालिका अध्यक्ष
प्रमाणिकरण मितिः २०८० माघ १६ गते, मंगलबार ।

आज्ञाले,
**नरेश गिरी**
प्रमुख प्रशासकीय अधिकृत